"कला संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८१/०८२
चलानी नं : ५५१

मिति २०८१/०५/१७

श्री विद्यालयहरू, (सबै),
टोखा नगरपालिका, काठमाडौं ।

**विषय : निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ स्वीकृत कार्यक्रम अनुसार ५८ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा माध्यमिक तह कक्षा ९-१२ र आधारभूत तह कक्षा ४-८ मा अध्ययनरत विद्यार्थीहरूका विच तपसिल अनुसार निबन्ध लेखन प्रतियोगिता सञ्चालन हुने भएकोले सहभागिताका लागि अनुरोध छ ।

**तपसिल :**

१. शीर्षक - *बहुभाषिक शिक्षाको प्रवर्धन : पारस्पारिक समझदारी र शान्तिको लागि साक्षरता* ।
२. प्रत्येक विद्यालयबाट कक्षा ९-१२ र कक्षा ४-८ मा अध्ययनरत विद्यार्थीहरूमध्ये एक एक जना छात्रा र छात्रको सहभागिता गराइने छ ।
३. सहभागी हुने विद्यार्थीहरूको नामावली सहितको पत्र (सूचना प्रकाशन सँगै भएको फारम भरी) दर्ता गरी मिति २०८१/०५/२१ गतेभित्र शिक्षा, युवा तथा खेलकुद शाखा पेस गरिसक्नुपर्ने छ र तोकिएको मितिमा दर्ता नभएका विद्यार्थीहरूलाई उक्त प्रतियोगितामा सहभागी गराइने छैन ।
४. निबन्ध लेखन प्रतियोगितामा कक्षा ९-१२ र कक्षा ४-८ को अलग अलग मूल्याङ्कन (मिति, समय, स्थान र शीर्षक एउटै रहने) गरिने छ ।
५. निबन्ध लेखन प्रतियोगिता मिति २०८१/०५/२३ गते विहान १० बजे देखि टोखा नगरपालिका वडा नं. ७ स्थित तिलिङ्गाटार माध्यमिक विद्यालयको तल्लो भवनको सभाहलमा सञ्चालन गरिने छ ।
६. निबन्ध लेखनको समयावधि ४० मिनेटको रहने छ ।
७. निबन्ध लेखनको माध्यम भाषा नेपाली हुनुपर्ने छ ।

८. निवन्धको शब्द सीमा माध्यमिक तह (कक्षा ९-१२) को लागि ५००-१००० र आधारभूत तह (कक्षा ४-८) को लागि ३५०-७०० रहने छ ।

९. सहभागीहरूले निबन्ध लेखी सके पश्चात तोकिएका विज्ञहरूमार्फत परीक्षण गरी सोही दिन पुरस्कार वितरण गरिने छ ।

१०. पुरस्कार उत्कृष्ट : ६०००, प्रथम : ४०००, द्वितीय : ३००० तृतीय : २००० र सान्त्वना : १००० प्रचलित ऐन नियमानुसार कर कट्टी गरी नगद र प्रमाणपत्र उपलब्ध गराइने छ ।

बाबुराम गौतम
प्रमुख शिक्षा अधिकृत

## निबन्ध लेखन प्रतियोगिता २०८१ को सहभागी फारम

| |
|---|
| उपलब्ध भएसम्म पासपोर्ट साइजको फोटो |

सहभागी विद्यार्थीको नाम :

कक्षा :

विद्यालयको नाम :

उमेर :

स्थायी ठेगाना :

अस्थायी ठेगाना :

सम्पर्क नं. (विद्यार्थी तथा अभिभावकको) :

......................

प्रधानाध्यापकको नाम